# विद्युत नियमन आयोग अनुमति प्राप्त व्यक्ति वा आयोजना गाभिने, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७७ (मस्यौदा)

**प्रस्तावनाः** विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्नको लागि विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १४ को खण्ड (च) तथा खण्ड (छ) बमोजिमको कार्यलाई स्पष्ट, पारदर्शी तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी विद्युत नियमन आयोगले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "अनुमति प्राप्त व्यक्तिहरु वा आयोजना गाभिने, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७७" रहेको छ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले ऐनको दफा २ को खण्ड (ख) बमोजिमको व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(ख) **"आयोग"** भन्नाले ऐनको दफा २ को खण्ड (ग) बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ।

(ग) **"आयोजना"** भन्नाले अनुमति प्राप्त व्यक्तिको स्वामित्वमा रहेको विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवा सम्बन्धी आयोजना तथा सो आयोजनासँग सम्बन्धित भौतिक पूर्वाधार तथा संरचना सम्झनु पर्छ। सो शब्दले आयोजनाको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व र आयोजना अन्तर्गत कार्य प्रगतिको प्रयोजनका लागि विकसित समस्त प्रतिवेदन लगायतको विवरण समेतलाई जनाउँछ।

(घ) **"ऐन"** भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(ङ) **"कर्मचारी"** भन्नाले अनुमति प्राप्त व्यक्तिहरु वा आयोजना गाभिने, खरिद बिक्री, प्राप्ति, ग्रहण वा हस्तान्तरण गर्ने प्रयोजनका लागि निर्णय गर्न बसेको साधारण सभा वा सञ्चालक समितिको निर्णयका बखत सो अनुमति प्राप्त व्यक्ति वा आयोजनाको संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(च) **"खरिद बिक्री"** भन्नाले प्रचलित कानून बमोजिम प्राप्त आयोजनाको अनुमतिपत्र वा संरचना वा हक वा स्वामित्वको खरिद तथा बिक्री गर्ने कार्यलाई सम्झनु पर्छ। सो शब्दले एक्लै वा अन्य कम्पनी वा

व्यक्तिसँग मिली अनुमतिप्राप्त व्यक्तिको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद बिक्रि गर्ने कार्य समेतलाई जनाउँछ।

(छ) **"गाभिने"** भन्नाले अनुमति प्राप्त व्यक्तिहरु एक आपसमा गाभिने वा गाभिए पश्चात अर्को संस्था स्थापना गर्ने कार्यलाई समेत जनाउँछ।

(ज) **"गाभिने व्यक्ति"** भन्नाले आफ्नो सम्पत्ति, दायित्व र व्यवसायलाई अन्य अनुमति प्राप्त व्यक्तिको सम्पत्ति, दायित्व र व्यवसायसँग मिलेर गाभिने अथवा आवश्यकता अनुसारको अर्को संस्था स्थापना गर्न स्वीकार गर्ने अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) **"ग्रहण"** भन्नाले कसैले अनुमति प्राप्त व्यक्तिको वा एक अनुमति प्राप्त व्यक्तिले अर्को अनुमति प्राप्त व्यक्तिको आयोजना नियन्त्रण गर्ने र सो को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी दायित्व स्वीकार गर्ने कार्य सम्झनुपर्छ।

(ञ) **"हस्तान्तरण"** भन्नाले कुनै अनुमति प्राप्त व्यक्तिले प्राप्त गरेको अनुमति पत्र अथवा सञ्चालन गरिरहेको आयोजना वा निजको अन्य हक दायित्व अन्य व्यक्ति वा संस्थालाई आंशिक वा सम्पूर्ण रुपले बुझाउने कार्य सम्झनु पर्छ।

(ट) **"निर्देशिका"** भन्नाले यस निर्देशिका सम्झनु पर्छ।

(ठ) **"नियमावली"** भन्नाले विद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ।

(ड) **"प्राप्ति"** भन्नाले कसैले अनुमति प्राप्त व्यक्तिको अथवा एउटा अनुमति प्राप्त व्यक्तिले अर्को अनुमति प्राप्त व्यक्तिको वा अन्य संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्वको हिसाब गरी सो व्यक्ति समेतलाई आफूमा समाहित गर्ने कार्य सम्झनु पर्छ।

(ढ) **"प्राप्ति गर्ने व्यक्ति"** भन्नाले खण्ड (ठ) बमोजिम प्राप्ति हुने व्यक्तिको सम्पूर्ण व्यवसाय स्वीकार गरी आफूमा समाहित गर्ने मूल व्यक्ति सम्झनु पर्छ।

(ण) **"प्राप्ति हुने व्यक्ति"** भन्नाले खण्ड (ठ) बमोजिम प्राप्ति गर्ने व्यक्तिमा समाहित एवं विलय हुने अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(त) "**मूल्यांकनकर्ता"** भन्नाले यस निर्देशिका बमोजिम गाभिने, खरिद बिक्री, प्राप्ति, ग्रहण वा हस्तान्तरण गर्ने कार्यमा संलग्न व्यक्तिको संरचना वा आयोजनाको मूल्यांकन गर्न नियुक्त भएको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(थ) **"शेयर स्वाप अनुपात (Swap Ratio)"** भन्नाले यस निर्देशिका बमोजिम गाभिने, खरिद बिक्री,प्राप्ति, ग्रहण वा हस्तान्तरण गर्ने कार्यमा संलग्न व्यक्तिका शेयरधनीले सो कार्य पछी कायम हुने संस्थामा आफ्नो प्रत्येक शेयर वापत पाउने शेयर संख्यालाई सम्झनु पर्छ।

(द) **"संरचना"** भन्नाले विद्युत उत्पादन, प्रसारण, वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, विद्युत गृह वा केन्द्र, सब-स्टेशन, प्रसारण वा वितरण लाईन लगायतका संरचना तथा भवन, पहुँच मार्ग जस्ता भौतिक पूर्वाधार र त्यसले ओगटेको जग्गा एवं सो मा जडित उपकरण समेत सम्झनु पर्छ।

(ध) **"संगठित संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएको कम्पनि वा संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२
## अनुमति प्राप्त व्यक्ति आपसमा गाभिने सम्बन्धी प्रकृया

३. **गाभिन निवेदन दिनुपर्नेः** अनुमति प्राप्त व्यक्ति आपसमा गाभिन चाहेमा पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी र प्राइभेट लिमिटेड कम्पनीको हकमा सञ्चालक समितिबाट निर्णय गरी अनुसूची -१ बमोजिमको ढाँचामा अनुसूची -२ बमोजिमको सम्पूर्ण आवश्यक कागजात, अनुसुची - ८ बमोजिमको स्वघोषणा र नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) अनुसारको यस निर्देशिकाको अनुसूची - ७ बमोजिमको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद सहित आयोग समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

४. **अनुमति प्राप्त व्यक्तिहरु आपसमा गाभिन आदेश दिन सक्नेः**

(१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा आयोगले अनुमति प्राप्त व्यक्तिलाई आपसमा गाभिन आवश्यक आदेश दिन सक्नेछः

(क) विगत तीन वर्ष देखि वित्तीय स्थिति खस्किँदै गएको वा कार्य-सञ्चालनको लागि पूँजीकोष अपर्याप्त रहेको,

(ख) उपभोक्ता हित र उपभोक्ता प्रतिको दायित्वमा प्रतिकूल प्रभाव पार्ने अवस्था विद्यमान रहेको,

(ग) विद्युत सेवा प्रणालीको स्थायित्व, विकास, सम्वर्द्धनको लागि र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक भएको,

(घ) नेपालको प्रचलित कानून वा अदालतको आदेश अनुसार गाभ्न आवश्यक रहेको, वा

(ङ) आयोगले निर्धारण गरे बमोजिमको अन्य व्यवस्था।

(२) आयोगले यस दफा बमोजिम अनुमति प्राप्त व्यक्तिहरुलाई आपसमा गाभिन आवश्यक देखी गाभिन आदेश गरेको अवस्थामा उक्त अनुमति प्राप्त व्यक्तिहरुले गाभिन आवश्यक नरहेको वा नसकिने कारण खुलाई आयोग समक्ष नब्बे दिन भित्र निवेदन पेश गर्नु पर्नेछ ।

(३) अनुमति प्राप्त व्यक्तिले उपदफा (२) बमोजिमको निवेदन तोकिएको समयमा आयोग समक्ष नबुझाएमा वा आयोगलाई उक्त निवेदन सन्तोषजनक नलागेमा आयोगले उपदफा (१) बमोजिम ती अनुमति प्राप्त व्यक्तिलाई आपसमा गाभिन आदेश दिन सक्नेछ।

**५. मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) यस निर्देशिका बमोजिम गाभिने व्यक्तिहरु बीच सो कार्य समाप्ति पश्चात कायम हुने शेयर स्वाप अनुपात (Swap Ratio) तथा संरचना वा आयोजनाको खरिद बिक्रीको लागि तय भएको आधार सहितको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त व्यक्तिले आ-आफ्नो वा संयुक्त रूपमा उपदफा (१) बमोजिमको आधार सहितको प्रतिवेदन तयार गर्न सक्नेछन्, वा आपसी सहमतिमा मूल्यांकनकर्ता नियुक्त गर्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिम आयोग समक्ष पेश भएको शेयर स्वाप अनुपात (Swap Ratio) तथा संरचना वा आयोजनाको खरिद बिक्रीको आधार तथा प्रतिवेदन विश्वसनिय नलागेमा आयोगले पुनः मूल्यांकन गर्न सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई निर्देशन दिन सक्नेछ।

## परिच्छेद-३
## प्राप्ति तथा खरिद बिक्री सम्बन्धी निवेदन प्रकृया

**६. प्राप्ति वा खरिद बिक्रीको लागि निवेदन दिनुपर्नेः** कुनै व्यक्तिले यस निर्देशिका बमोजिम प्राप्ति वा खरिद बिक्री गर्न चाहेमा पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाको विशेष प्रस्ताव बमोजिम र प्राइभेट लिमिटेड कम्पनीको हकमा आफ्नो सञ्चालक समितिबाट निर्णय गरी अनुसूची - ३ बमोजिमको ढाँचामा अनुसूची -४ बमोजिमको सम्पूर्ण आवश्यक कागजात, अनुसुची - ९ बमोजिमको स्वघोषणा र नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) अनुसारको यस निर्देशिकाको अनुसूची - ७ बमोजिमको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद सहित आयोग समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

**७. मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) प्राप्ति गर्ने तथा प्राप्ति हुने व्यक्ति बीच सो कार्य समाप्ति पश्चात कायम हुने शेयर स्वाप अनुपात (Swap Ratio) तथा खरिद बिक्रीको लागि तय भएको आधार सहितको प्रतिवेदन/सम्झौता आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोग समक्ष पेश भएको शेयर स्वाप अनुपात (Swap Ratio) तथा खरिद बिक्रीको आधार तथा प्रतिवेदन विश्वसनिय नलागेमा आयोगले पुनः मूल्यांकन गर्न सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई निर्देशन दिन सक्नेछ वा आयोगले आफै मूल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद-४
## आयोजनाको ग्रहण वा हस्तान्तरण सम्बन्धी निवेदन प्रकृया

**८. ग्रहण वा हस्तान्तरणको लागि निवेदन दिनुपर्नेः** कुनै व्यक्तिले यस निर्देशिका बमोजिम ग्रहण वा हस्तान्तरण गर्न आफ्नो सञ्चालक समितिबाट निर्णय गरी अनुसूची - ५ बमोजिमको ढाँचामा अनुसूची - ६ बमोजिमको

सम्पूर्ण आवश्यक कागजात, अनुसुची - १० बमोजिमको स्वघोषणा र नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) अनुसारको यस निर्देशिकाको अनुसूची - ७ बमोजिमको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर/रसिद सहित आयोग समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

**९. मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) यस निर्देशिका बमोजिम ग्रहण वा हस्तान्तरण गर्ने व्यक्ति बीच सो कार्य समाप्ति पश्चात कायम हुने मूल्यांकन तथा त्यसका लागि तय भएको आधार सहितको प्रतिवेदन/सम्झौता आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम गरिने ग्रहण तथा हस्तान्तरण सम्बन्धमा पहिले नै कुनै सम्झौता भएको रहेछ भने सोहि सम्झौतामा उल्लेख भएको ग्रहण वा हस्तान्तरण सम्बन्धी व्यवस्था अनुसार नै आयोग समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आयोग समक्ष पेश भएको मूल्यांकन तथा ग्रहण वा हस्तान्तरणको आधार तथा प्रतिवेदन विश्वसनिय नलागेमा आयोगले पुनः मूल्यांकन गर्न सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई निर्देशन दिन सक्नेछ वा आयोगले आफै मूल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद-५
## सम्झौता सम्बन्धी व्यवस्था

**१०. सम्झौता सम्बन्धी व्यवस्थाः** यस निर्देशिका बमोजिम गाभिन, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण गर्न चाहने व्यक्तिहरु बीच सो कार्यका लागि कम्तिमा देहायको विषयहरु खुलाई सम्झौता गर्नुपर्नेछः

(क) गाभिन, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण गर्नुको कारण,

(ख) अनुमति प्राप्त व्यक्तिको सम्पत्ति तथा दायित्व एवं मूल्यांकन पद्दति सम्बन्धी विवरण,

(ग) गाभिन, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण गर्ने प्रकृया, लाग्ने समय र लागतको विवरण,

(घ) प्रस्तावित सञ्चालक सम्बन्धी विवरण (गाभिने र प्राप्ति गर्ने सन्दर्भमा मात्र),

(ङ) सञ्चालन तथा व्यवस्थापन सम्बन्धि विवरण (गाभिने र प्राप्ति गर्ने सन्दर्भमा मात्र),

(च) नयाँ संस्थाको रूपमा गाभिने भए सो संस्थाको नाम, प्रबन्धपत्र, नियमावली, पूँजी संरचना,

(छ) सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति (गाभिने र प्राप्ति गर्ने सन्दर्भमा मात्र),

(ज) आयोजनाको अनुमति पत्र तथा संरचना सम्बन्धि विवरण,

(झ) अन्य आवश्यक विवरण।

## परिच्छेद-६
## सहमति प्रदान सम्बन्धी प्रक्रिया

**११. प्राप्त निवेदन उपर जाँचबुझ गर्नेः**

(१) यस निर्देशिका बमोजिम आयोग समक्ष प्राप्त भएको निवेदन, प्रतिवेदन र सम्पूर्ण कागजात उपर आयोगले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझको सिलसिलामा आयोगले आवश्यकता अनुसार निवेदकसँग छलफल गर्न तथा थप कागजात वा विवरण माग गर्न सक्नेछ।

**१२. सहमति प्रदान गर्नेः**

(१) यस निर्देशिका बमोजिम आयोग समक्ष प्राप्त निवेदन, प्रतिवेदन एवं संलग्न कागजात उपर दफा ११ बमोजिम गरिएको जाँचबुझबाट राष्ट्रको विद्युत प्रणालीको विकास हुने तथा प्रचलित कानूनको पालनामा कुनै किसिमको नकारात्मक असर नपर्ने कुरामा आयोग सन्तुष्ट भएमा आयोगले आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिबाट नब्बे दिन भित्रमा सहमति प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहमति प्रदान गर्दा आयोगले अनुमति प्राप्त व्यक्तिलाई आवश्यक शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले देहाय मध्येको कुनै अवस्थामा सहमति प्रदान गर्ने छैनः

(क) विद्युत क्षेत्र नकारात्मक रुपले प्रभावित हुने वा उपभोक्ताको हित संरक्षणमा बाधा उत्पन्न हुने भएमा,

(ख) प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण भएको मितिले ३ (तिन) बर्ष नपुगेको भएमा,

(ग) कुनै अनुमति प्राप्त व्यक्तिद्वारा सार्वजनिक हितको विपरित कार्य हुन सक्ने देखिएमा,

(घ) अनुमति प्राप्त व्यक्तिको संरचना, वित्तीय अवस्था, कर्मचारी व्यवस्थापनमा गम्भीर असर पर्ने भएमा, अथवा

(ङ) प्रचलित नेपाल कानून वा अदालतको आदेश विपरित भएमा।

(४) आयोगले यस निर्देशिका बमोजिम पेश भएको निवेदन उपर सहमति प्रदान गर्न उपयुक्त नठानेमा सो को कारण खुलाई निवेदकलाई जानकारी गराउनेछ।

**१३. छुट दिन सक्ने सम्बन्धी व्यवस्थाः**

(१) यस निर्देशिका बमोजिम सहमति प्राप्त अनुमति प्राप्त व्यक्तिहरुलाई सो कार्य गरेकै कारणले यस निर्देशिकामा उल्लेख भएका र यहि विषयमा आयोगले जारी गरेका अन्य निर्देशनहरु पूरा गर्न कठिनाई भए आवश्यकता र औचित्यताको आधारमा आयोगले तोके बमोजिमको सहजीकरण प्रदान गर्न सक्नेछ।

## परिच्छेद-७
## विविध

१४. **सम्बन्धित निकायबाट कागजात तथा विवरण झिकाउन सक्ने** : यस निर्देशिका बमोजिम आयोग समक्ष बुझाइएको कुनै पनि कागजात तथा विवरण पुष्टि गर्न सम्बन्धित निकायबाट उक्त कागजात तथा विवरणको मूल एवं सक्कल प्रति वा प्रमाणित प्रतिलिपि आयोगले आवश्यकता अनुसार झिकाउन सक्नेछ।

१५. **जानकारी गराउनु पर्ने** : यस आयोगबाट सहमति लिई अनुमति प्राप्त व्यक्तिहरु वा आयोजना गाभिने, प्राप्ति, खरिद बिक्री, ग्रहण वा हस्तान्तरण गर्ने कार्यको अन्य निकायहरुबाट पनि स्वीकृती प्राप्त गरी कार्य सम्पन भएको ७ दिन भित्र आयोगलाई जानकारी दिनुपर्नेछ।

१६. **विवरण पेश गर्नु पर्नेः** यस निर्देशिका बमोजिम गाभिने, प्राप्ति, ग्रहण वा हस्तान्तरण भए पश्चात गरिने कार्यसूची (Work Schedule) तयार गरी पेश गर्नु पर्नेछ।

१७. **परिपत्र जारी गर्न सक्नेः** आयोगले यस निर्देशिका बमोजिम निर्दिष्ट गरिएको विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्न सक्नेछ।

१८. **बाधा अड्काऊ फुकाऊनेः** यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काऊ परेमा आयोगको निर्णयले सो बाधा अड्काऊ फुकाऊन सक्नेछ । बाधा अड्काऊ फुकाएको निर्णय सर्वसाधारणलाई सुचीत गराइनेछ ।

१९. **अन्य कानूनी व्यवस्था** : अनुमति प्राप्त व्यक्ति आपसमा गाभिने, खरिद बिक्री, प्राप्ति, ग्रहण वा हस्तान्तरण गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची-१**

**(दफा ३ सँग सम्बन्धित)**

**<u>अनुमति प्राप्त व्यक्तिहरु आपसमा गाभिने सम्बन्धी निवेदनको ढाँचा</u>**

मितिः____________

श्री विद्युत नियमन आयोग,
____________, काठमाण्डौ।

**विषयः <u>अनुमति प्राप्त व्यक्ति आपसमा गाभिन सहमति पाउँ भन्ने बारे</u>**

महोदय,

उपरोक्त विषयमा प्रचलित कानून अनुसार विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण अनुमति प्राप्त हामी ___________________ र बिद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण अनुमति प्राप्त/संगठित संस्था __________________ बीच गाभिने सम्झौता भएकोले सो अनुरुप कार्य सम्पन्न गर्न त्यस आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात सहित यो निवेदन पेश गरेका छौं।

गाभिने व्यक्तिको कुनै पनि दायित्व बाँकी रहेमा वा सृजना भएमा तथा गाभिने कार्य सम्पन्न गर्दा पूँजीगत लाभकर सृजना भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा मूल्यांकन रकममा भिन्नता भएमा सोको दस्तूर त्यस आयोगमा बुझाउन हामी सहमत छौं।

आवश्यक कागजात ___ थान संलग्न छन्।

| **गाभिने व्यक्ति १** | **गाभिने व्यक्ति २, .................** |
|---|---|
| भवदीय,<br><br>____________________<br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति)<br><br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br><br>____________________<br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति)<br><br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छाप |

## अनुसूची-२

### (दफा ३ सँग सम्बन्धित)

**<u>अनुमति प्राप्त व्यक्तिले आपसमा गाभिन दिएको निवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः</u>**

१. अनुमति प्राप्त व्यक्ति आपसमा गाभिनु पर्नाको आवश्यकता तथा औचित्य र सो बाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. गाभिने व्यक्तिहरुको कम्पनी दर्ता प्रमाण-पत्र, एवं प्रबर्द्धक कम्पनीले विद्युत सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र र सो को अद्यावधिक भएका कागज प्रमाण,

३. गाभिने व्यक्तिहरुको विवरण, सञ्चालकहरु, शेयरधनीहरुको वैयक्तिक विवरण तथा अद्यावधिक शेयर लगत,

४. पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव र प्राइभेट लिमिटेड कम्पनीको हकमा प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था र सञ्चालक समितिको निर्णय,

५. गाभिने व्यक्तिहरुले दफा ५ बमोजिम गरेको मूल्यांकनको आधार तथा मूल्यांकनको मूल्य रकम सहितको प्रतिवेदन,

६. गाभिने व्यक्तिहरुको पछिल्लो तीन आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन (कम्पनी दर्ता तीन आर्थिक बर्ष भन्दा अगाडि स्थापना भएको खण्डमा),

७. गाभिने व्यक्तिहरुले लिएका कर्जाको रकम र ऋणदाताहरुलाई भुक्तानी गर्न सुरक्षित गरिएको व्यवस्था,

८. गाभिने व्यक्तिहरुका कर्मचारीको विवरण तथा गाभिए पश्चात कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्था,

९. गाभिने व्यक्तिहरुको चल अचल सम्पत्ति र दायित्वको विवरण तथा भुक्तानी अवधि,

१०. गाभिने प्रयोजनका लागि प्रचलित कम्पनी तथा धितोपत्र एवं विद्युत सम्बन्धी कानून बमोजिम पूरा गर्नुपर्ने प्रकृयाको विवरण,

११. आयोजनाको संक्षिप्त विवरण तथा निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण र प्रसारण लाईनको हालको अवस्था वा आयोजना सम्पन्न भएपछि आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाईन सम्म जोड्नका लागि आवश्यक पूर्वाधार सम्बन्धी कागजात तथा विवरण,

१२. गाभिने व्यक्तिहरुहरु बीच  दफा १० बमोजिमको विषय खुलाइएको सम्झौताको एक सक्कल प्रति,

१३. अन्य आवश्यक विषय र विवरण।

## अनुसूची-३

**(दफा ६ सँग सम्बन्धित)**

**<u>अनुमति प्राप्त व्यक्ति वा आयोजनाको प्राप्ति वा खरिद बिक्री सम्बन्धी निवेदनको ढाँचा</u>**

मितिः____________

श्री विद्युत नियमन आयोग,
____________, काठमाण्डौ।

**विषयः <u>अनुमति प्राप्त व्यक्ति वा आयोजनाको प्राप्ति वा खरिद बिक्री गर्न सहमति पाउँ भन्ने बारे</u>**

महोदय,

उपरोक्त विषयमा हामी प्रचलित कानून बमोजिम स्थापना भएको ........................................................ ले विद्युत सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण अनुमति प्राप्त ................................. .......................................................................................... लाई प्राप्ति गर्न / वा निजको आयोजना/अनुमतिपत्र/ संरचना खरिद गर्न वित्तीय तथा प्राविधिक रुपमा सक्षम रहेकोले सोहि अनुसार सम्झौता भई सो अनुरुप कार्य सम्पन्न गर्न यस आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात सहित यो निवेदन पेश गरेका छौं।

प्राप्ति हुने व्यक्तिको प्राप्ति गर्ने कार्य पूर्वको संस्था वा आयोजनासँग सम्बन्धित अथवा बिक्री गर्ने व्यक्तिको आयोजना/अनुमतिपत्र/संरचनासँग सम्बन्धित कुनै पनि दायित्व बाँकी रहेमा वा सृजना भएमा तथा प्राप्ति/खरिद बिक्री गर्दा पूँजीगत लाभकर सृजना भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा प्राप्ति/खरिद बिक्रीको मूल्यांकन रकममा भिन्नता भएमा सोको दस्तूर यस आयोगमा बुझाउन हामी सहमत छौं।

आवश्यक कागजात ___ थान संलग्न छन्।

| **प्राप्ति गर्ने व्यक्ति/ खरिद गर्ने व्यक्ति** | **प्राप्ति हुने व्यक्ति/ बिक्री गर्ने व्यक्ति** |
|---|---|
| भवदीय,<br>____________________<br><br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति) | भवदीय,<br>____________________<br><br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति) |

| | |
|---|---|
| नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः | नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छाप |

मस्यौदा

## अनुसूची-४
### (दफा ६ सँग सम्बन्धित)

**<u>अनुमति प्राप्त व्यक्तिले प्राप्ति तथा खरिद बिक्रीको लागि दिएको निवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः</u>**

१. प्राप्ति तथा खरिद बिक्री गर्नुको आवश्यकता तथा औचित्य र सो बाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. प्राप्ति गर्ने तथा प्राप्ति हुने वा खरिद गर्ने तथा बिक्री गर्ने व्यक्तिको कम्पनी दर्ता प्रमाण-पत्र, एवं विद्युत सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र र सो को अद्यावधिक भएका कागज प्रमाण,

३. प्राप्ति गर्ने तथा प्राप्ति हुने वा खरिद गर्ने तथा बिक्री गर्ने व्यक्तिको विवरण, सञ्चालकहरुको वैयक्तिक विवरण, शेयरधनीहरुको विवरण तथा अद्यावधिक शेयर लगत,

४. पब्लिक लिमिटेड कम्पनीको हकमा आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव र प्राइभेट लिमिटेड कम्पनीको हकमा प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था र सञ्चालक समितिको निर्णय,

५. प्राप्ति तथा खरिद बिक्री गर्ने प्रयोजनका लागि दफा ७ बमोजिम गरेको मूल्यांकनको आधार तथा मूल्यांकनको मूल्य रकम सहितको प्रतिवेदन,

६. प्राप्ति गर्ने वा खरिद गर्ने व्यक्तिको पछिल्लो तीन आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन (कम्पनी दर्ता तीन आर्थिक बर्ष भन्दा अगाडी स्थापना भएको खण्डमा),

७. प्राप्ति गर्ने वा खरिद गर्ने ब्यक्तिको वित्तीय तथा प्राविधिक क्षमता पुष्टि गर्ने कागजातहरु,

८. प्राप्ति हुने वा बिक्री गर्ने व्यक्तिले लिएका कर्जाको रकम र ऋणदाताहरुलाई भुक्तानी गर्न सुरक्षित गरिएको व्यवस्था,

९. प्राप्ति हुने वा बिक्री गर्ने व्यक्तिको चल अचल सम्पत्ति र दायित्व भुक्तानी अवधि सहितको यथार्थ विवरण,

१०. प्राप्ति गर्ने र खरिद बिक्री गर्ने प्रयोजनका लागि प्रचलित कम्पनी तथा धितोपत्र एवं विद्युत सम्बन्धी कानून बमोजिम पूरा गर्नुपर्ने प्रकृयाको विवरण,

११. आयोजनाको संक्षिप्त विवरण तथा निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण र प्रसारण लाईनको हालको अवस्था वा आयोजना सम्पन्न भएपछि आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाईन सम्म जोड्नका लागि आवश्यक पूर्वाधार सम्बन्धि कागजात तथा विवरण तथा खरिद बिक्री हुने आयोजना/अनुमतिपत्र/ संरचनाको संक्षिप्त विवरण।

१२. प्राप्ति गर्ने र प्राप्ति हुने वा खरिद गर्ने र बिक्री गर्ने व्यक्ति बीच दफा १० बमोजिमको विषय खुलाइएको सम्झौताको प्रतिलिपि,

१३. अन्य आवश्यक विषय र विवरण।

## अनुसूची-५

### (दफा ८ सँग सम्बन्धित)

### अनुमति प्राप्त व्यक्ति वा आयोजनाको ग्रहण वा हस्तान्तरण सम्बन्धी निवेदनको ढाँचा

मितिः____________

श्री विद्युत नियमन आयोग,
____________, काठमाण्डौ।

**विषयः आयोजनाको ग्रहण वा हस्तान्तरण गर्न सहमति पाउँ भन्ने बारे**

महोदय,

उपरोक्त विषयमा हामी प्रचलित कानून अनुसार स्थापना भएको ............................................ ले सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण अनुमति प्राप्त ........................................................................... ग्रहण गर्न/हस्तान्तरण गर्न यस आयोगको सहमतिको लागि तोकिए बमोजिमको कागजात सहित यो निवेदन पेश गरेका छौं।

ग्रहण हुने तथा हस्तान्तरण गर्ने व्यक्तिको आयोजनासँग सम्बन्धित कुनै पनि दायित्व बाँकी रहेमा वा सृजना भएमा तथा ग्रहण तथा हस्तान्तरण गर्दा पूँजीगत लाभकर सृजना भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा ग्रहण वा हस्तान्तरणको मूल्यांकन रकममा भिन्नता भएमा सो को दस्तूर यस आयोगमा बुझाउन हामी सहमत छौं।

आवश्यक कागजात ___ थान संलग्न छन्।

| ग्रहण गर्ने व्यक्ति/ हस्तान्तरण गरिने व्यक्ति | ग्रहण हुने व्यक्ति/ हस्तान्तरण गर्ने व्यक्ति |
|---|---|
| भवदीय,<br><br>______________________<br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति)<br><br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br><br>______________________<br>(अनुमति प्राप्त व्यक्तिको तर्फबाट आधिकारिक व्यक्ति)<br><br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोनः<br>फ्याक्सः<br>इमेलः<br>मितिः<br>संस्थाको छाप |

## अनुसूची-६

## (दफा ८ सँग सम्बन्धित)

**आयोजनाको ग्रहण तथा हस्तान्तरणको लागि दिएको निवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः**

१. ग्रहण तथा हस्तान्तरण गर्नुको आवश्यकता तथा औचित्य र सो बाट विद्युत क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

२. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको कम्पनी दर्ता प्रमाण-पत्र, एवं विद्युत सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्र र सो को अद्यावधिक भएका कागज प्रमाण,

३. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको विवरण, सञ्चालकहरुको वैयक्तिक विवरण, शेयरधनीहरुको विवरण तथा अद्यावधिक शेयर लगत,

४. ग्रहण तथा हस्तान्तरण गर्ने प्रयोजनका लागि आयोजनाको ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको सञ्चालक समितिको निर्णय,

५. ग्रहण तथा हस्तान्तरण गर्ने प्रयोजनका लागि दफा ९ बमोजिम गरेको मूल्यांकनको आधार तथा मूल्यांकनको मूल्य रकम सहितको प्रतिवेदन,

६. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको पछिल्लो तीन आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन (कम्पनी दर्ता तीन आर्थिक बर्ष भन्दा अगाडी स्थापना भएको खण्डमा),

७. ग्रहण गर्ने ब्यक्तिको वित्तीय तथा प्राविधिक क्षमता पुष्टि गर्ने कागजातहरु,

८. हस्तान्तरण गर्ने व्यक्तिले लिएका कर्जाको रकम र ऋणदाताहरुलाई भुक्तानी गर्न सुरक्षित गरिएको व्यवस्था,

९. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको चल अचल सम्पत्ति र दायित्व भुक्तानी अवधि सहितको यथार्थ विवरण,

१०. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिको प्रयोजनका लागि प्रचलित कम्पनी तथा धितोपत्र एवं विद्युत सम्बन्धी कानून बमोजिम पूरा गर्नुपर्ने प्रकृयाको विवरण,

११. आयोजनाको संक्षिप्त विवरण तथा निर्माणको चरणमा रहेका आयोजनाको हकमा आयोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण र प्रसारण लाईनको हालको अवस्था वा आयोजना सम्पन्न भएपछि आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाईनसम्म जोड्नका लागि आवश्यक पूर्वाधार सम्बन्धि कागजात तथा विवरण,

१२. ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिहरु बीच पहिले कुनै सम्झौता भएको भएमा सोको प्रतिलिपि,

१३. आयोजनाको ग्रहण तथा हस्तान्तरण गर्ने व्यक्तिहरु बीच दफा १० बमोजिमको विषय खुलाइएको सम्झौताको प्रति,

१४. अन्य आवश्यक विषय र विवरण।

अनुसूची - ७

(दफा ३, दफा ६, र दफा ८ सँग सम्बन्धित)

**नियमावलीको नियम १७ को उपनियम (१) को खण्ड (घ) बमोजिमको सेवा शुल्कः**

**१) दश करोड रुपैंया मूल्य सम्मको कारोबार गर्नको लागिः**

रु. १,००,०००/- (एक लाख रुपैंया मात्र)

**२) दश करोड रुपैंया भन्दा माथी प्रत्येक दश करोड सम्मको लागिः**

रु. ५०,०००/- (पचास हजार रुपैंया मात्र)

**उदाहरणः**

(क) **दश करोड रुपैंया मूल्यको कारोबार गर्नको लागिः** रु. १,००,०००/- (रुपैयाँ एक लाख मात्र)

(ख) **पच्चीस करोड रुपैंया मूल्यको कारोबार गर्नको लागिः**

| | | |
|---|---|---|
| पहिलो दश करोडको लागि शुल्क | : | रु. १,००,००० |
| दोश्रो दश करोडको लागि शुल्क | : | रु. ५०,००० |
| बाँकी पाँच करोडको लागि शुल्क | : | रु. ५०,००० |
| | | --------------- |
| | | **रु. २,००,०००/- (रुपैंया दुई लाख मात्र)** |

**अनुसूची - ८**

**(दफा ३ सँग सम्बन्धित)**

**<u>श्री. विद्युत नियमन आयोग समक्ष चढाइएको स्वघोषणा</u>**

यस निर्देशिका बमोजिम आपसमा गाभिने क्रममा हामी गाभिने व्यक्तिहरुको गाभिने कार्य पूर्वको संस्थासँग सम्बन्धित <u>सबै दायित्व पूरा गरिसकिएको, तथापि कुनै कारण त्यस्तो दायित्व बाकी रहेको देखिएमा</u> वा सिर्जना भएमा तथा गाभिने कार्यको क्रममा पूँजीगत लाभकर सिर्जना भएमा प्रचलित कानून बमोजीम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा उल्लेखित मूल्यांकन रकममा कुनै भिन्नता भएमा सोको दस्तूर यस विद्युत नियमन आयोगमा तिर्न बुझाउन हामी सहमत भएको स्वघोषणा गर्दछौं। कुनै पनि कारणबाट यस स्वघोषणा बमोजिम नभएको प्रमाणित भएको खण्डमा कानून बमोजिम कारबाही भएमा हाम्रो मञ्जुरी छ।

दस्तखतः

नामः

ठेगानाः

दस्तखतः

नामः

ठेगानाः

इति संवत ......... साल ......... महिना ......... गते रोज ......... शुभम् ।

## अनुसूची - ९

## (दफा ६ सँग सम्बन्धित)

## <u>श्री. विद्युत नियमन आयोग समक्ष चढाइएको स्वघोषणा</u>

यस निर्देशिका बमोजिम प्राप्ति वा खरिद बिक्री कार्य गर्ने क्रममा प्राप्ति हुने व्यक्तिको प्राप्ति गर्ने कार्य पूर्वको संस्था वा आयोजनासँग सम्बन्धित अथवा बिक्री गर्ने व्यक्तिको आयोजना, अनुमतिपत्र एवं संरचनासँग सम्बन्धित कुनै पनि दायित्व बाँकी रहेमा वा सिर्जना भएमा तथा प्राप्ति/खरिद बिक्री गर्दा पूँजीगत लाभकर सिर्जना भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा प्राप्ति वा खरिद बिक्रीको मूल्यांकन रकममा भिन्नता भएमा सोको दस्तूर यस विद्युत नियमन आयोगमा तिर्न बुझाउन हामी सहमत भएको स्वघोषणा गर्दछौं। कुनै पनि कारणबाट यस स्वघोषणा बमोजिम नभएको प्रमाणित भएको खण्डमा कानून बमोजिम कारबाही भएमा हाम्रो मञ्जुरी छ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

इति संवत ......... साल ......... महिना ......... गते रोज ......... शुभम्।

## अनुसूची -१०

### (दफा ८ सँग सम्बन्धित)

### श्री. विद्युत नियमन आयोग समक्ष चढाइएको स्वघोषणा

यस निर्देशिका बमोजिम ग्रहण वा हस्तान्तरणको कार्य गर्ने क्रममा ग्रहण हुने तथा हस्तान्तरण गर्ने व्यक्तिको आयोजनासँग सम्बन्धित कुनै पनि दायित्व बाँकी रहेमा वा सिर्जना भएमा तथा ग्रहण वा हस्तान्तरण गर्दा पूँजीगत लाभकर सिर्जना भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा बुझाउन र पेश गरिएको मूल्यांकन प्रतिवेदनमा ग्रहण वा हस्तान्तरणको मूल्यांकन रकममा भिन्नता भएमा सोको दस्तूर यस विद्युत नियमन आयोगमा तिर्न बुझाउन हामी सहमत भएको स्वघोषणा गर्दछौं। कुनै पनि कारणबाट यस स्वघोषणा बमोजिम नभएको प्रमाणित भएको खण्डमा कानून बमोजिम कारबाही भएमा हाम्रो मञ्जुरी छ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

इति संवत ......... साल ......... महिना ......... गते रोज ......... शुभम् ।